सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्ष: २ | अंक : १६३ | वि.सं. २०७९ पुस ३० शनिबार | 14, 2023 Saturday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## पटेर्वासुगौली गाउँपालिकाको दोस्रो अधिबेशन गाउँ सभा सम्पन्न



वीरगंज ।पर्साको पटेर्वा सुगौली गाउँपालिकाले आफ्नो २०७९/०८० को दोस्रो कार्यकाल को दोस्रो विशेष अधिवेशन को गाउँ सभा बैठक आज सम्पन्न गरेको छ। सभा पटेर्वा सुगौली गाउँपालिकाको सभा हलमा सम्पन्न भएको हो।

अधिवेशन गाउँ सभाको उदघाटन पटेर्वा सुगौली गाउँपालिका प्रमुख दिनेश चौधरीले गर्नु भएको थियो।

गाउँपालिका अध्यक्ष चौधरीको अध्यक्षतामा सम्पन भएको बैठकमा गाउँपालिका उप ममता महतो , पटेर्वा सुगौली गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सन्देश यादव , वडा अध्यक्ष बिजय गैरे, गिरी,बिपिन मुखिया,फरमान मियाँ , माधव राउत थारु,बासु पंजियार थारु, कार्यपालिका सदस्य, वडा सदस्यहरु, पत्रकार,कर्मचारी लगाएतको सहभागिता रहेको थियो । सभामा प्रमुख प्रसाशकिय अधिकृत सन्देश यादवले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रम संचालन सञ्चालन शिक्षा शाखा प्रमुख शम्भु साहले गरेका थिए ।

सभा कार्यपालिका सदस्यहरुले उठाएका बिभिन्न प्रश्नहरुको जवाफ दिदै गाउँपालिका अध्यक्ष चौधरी ले बिगतमा भएकामा कमी कमजोरीलाई सच्याउँदै गाउँपालिका सम्पूर्ण कार्यहरुलाई जनमैत्री तथा चुस्त दुरुस्त बनाउँन दावी गरे।कार्यक्रम मा २०७९/०८० मा हाल सम्म कार्यक्रम को प्रगती समीक्षा,।

बिभिन कार्यक्रम संशोधन सम्बन्ध मा। बिभिन बिधेयक स्वीकृत गर्ने

बाँकी तेश्रो पृष्ठमा

## गम्हरियामा कवरीया बाबाको बिटोर कार्यक्रम भब्यरूपमा सम्पन्न



**रामजी यादव २९ पुस पर्सा ।** पर्साको बहुदरमाई नगरपालिका वडा नं.६ गम्हरियाको वडा कार्यालयको प्राङगणमा कवरिया बाबाहरुको बिटोर कार्यक्रम आज सम्पन्न भएको छ।

बहुदरमाई नगरपालिका वडानं.६ गम्हरिया निवासी राजीन्द्र साह तेली र बिरेन्द्र साह तेली ले आयोजना गर्नु भएको एक दिने कवरिया बाबा बिटोर कार्यक्रममा ६५ गाउका भक्तजन कवरिया बाबाहरुको उलेख्निय सहभागिता रहेको थियो।

गम्हरियामा भएको कवरिया बाबाहरुको बिटोर कार्यक्रममा बिभिन्न स्थानीय चर्चित ब्यास सोधा यादव ,किसकिन्दा ब्यासले भगवान बाबा भोलेनाथको महिमा र कथाप्रसंग प्रति भजन सकिर्तनले मनोरंजन गराएका थिए।

बिहिबार बेलुका बाबा

बाँकी तेश्रो पृष्ठमा

## राष्ट्र सेविका नेपालको आयोजनामा ७ दिने प्राथमिक शिक्षा वर्ग प्रशिक्षण सम्पन्न



वीरगञ्ज, २९ पुस

राष्ट्र सेविका नेपाल वीरगञ्जको आयोजनामा भएको ७ दिने प्राथमिक शिक्षा वर्ग प्रशिक्षण आज सम्पन्न भएको छ ।

प्रशिक्षणको समापन गर्नुहुँदै वीरगञ्ज महानगरपालिकाका नगर प्रमुख राजेशमान सिंहले प्रशिक्षणमा सिकेका कुरा दैनिक जीवनमा प्रयोगमा ल्याउन आग्रह गर्नु भयो ।

महिला दिदी बहिनीलाई सक्षम बनाउन प्रशिक्षणले महत्वपूर्ण भुमिका निर्वाह गरेको भन्दै यस्तो प्रशिक्षणलाई निरन्तरता दिन आग्रह गर्नु भयो ।

वीरगञ्जको पशुपति शिक्षा मन्दिरमा गएको २३ गतेदेखि सुरु भई ७ दिनसम्म चलेको शिविरमा पर्सा, बारासहित विभिन्न जिल्लाबाट ६४ जना किशोरी तथा महिलाहरुको सहभागिता रहेको थियो ।

जसमा १३ वर्षकी किशोरी देखि ६७ वर्ष उमेरसम्मका महिलाले प्रशिक्षण लिएका छन् ।

प्रशिक्षार्थीहरुले परेड प्रदर्शन गर्नुका साथै योग तथा प्रणायाम अभ्यासहरु प्रस्तुत गरेका थिए ।

सहभागिहरुलाई आफ्नो सुरक्षाका साथै धार्मिक गतिबिधिका बारेमा प्रशिक्षण दिइएको वर्गाधिकारी शशिलता गिरीले

बाँकी तेश्रो पृष्ठमा

## मधेशमा माओवादी संसदीय दलको नेतामा भरत साह



वीरगञ्ज । मधेश प्रदेश माओवादी केन्द्र संसदीय दलको नेतामा भरत प्रसाद साह चयन भएका छन् ।

दलका नेताको लागि आज चुनाव भएको थियो ।

भरत ६ मत पाउँदै संसदीय दलको नेतामा चुनिए । अर्का प्रत्यासी युवराज प्रसाद भट्टराईले ३ मत पाए ।

बाँकी तेश्रो पृष्ठमा

## बाल अधिकार सम्बन्धी जनचेतना मुलक कार्यक्रम सम्पन्न

वीरगन्ज । पकाहाँ मैनपुर गाउँपालिकाको सहयोग तथा ज्योती बहुउद्देश्यीय मीडिया प्रालिको आयोजनामा बाल अधिकार सम्बन्धी जनचेतना मुलक कार्यक्रम बारे ५ दिने तालिम हिजो बिहीबार सम्पन्न भएको छ ।

समापन कार्यक्रममा बोल्दै कार्यक्रमका अध्यक्ष एवं वडा नं ४ का वडाध्यक्ष ढेडी प्रसाद यादवले बालबालिकाको संरक्षण एवं अधिकारको लागि प्रत्येक वडामा वडा स्तरीय बाल कलब गठन गरी पालिकामा गठन गर्न जरुरी रहेको बताए । बालबालिकालाई केही समस्या परेको बेला नजिको वडा कार्यालय तथा प्रहरी चौकीमा गई आफ्नो समस्या राख्न आग्रह गरे ।

जुन बेला पनि बालबालिकाहरुलाई समस्या परे हामीलाई जानकारी गराउनु भयो भने हामी समाधानको लागि पहल गर्ने छौ उहाँले बताउनुभयो ।




तालिममा सिकेका कुराहरु व्यवहारमा लागु गर्ने तथा बालबालिकाको संरक्षणका लागि सबैले एकजुट भएर काम गर्नुपर्ने वडा अध्यक्ष संजय चौहानले बताए साथै यस तालिमबाट पाएको ज्ञान र अनुभव आफैमा सिम्ती नराखी आफ्ना सम्पर्कका सम्पूर्ण बालबालिकालाई जानकारी गराउन उनले बताए ।

पुष २४ गते आईतबार देखि २८ गते सम्म गाउँपालिकाको वडा नं ४ मा रहेको श्री ब्रहंस्थान नेराप्राबि लहावरठकारीमा सञ्चालन भएको बाल अधिकार सम्बन्धी जनचेतना मुलक कार्यक्रम तालिममा पालिकाका ३० जना बालबालिकाको सहभागिता रहेको थियो ।

तालिममा बाल अधिकार, शिक्षाको अधिकार, बाल अधिकारको वर्तमान अवस्था, बाल अधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय महासन्धि र कानुन, बाल अधिकारको ऐतिहासिक विकासक्रम, बालश्रम शोषण: कारण र परिणाम, बाल अधिकार चेतना समूहका काम कर्तव्य र विद्यालयमा रहेका समस्याहरूको पहिचान लगायतका विषयमा छलफल गरी तालिम तालिम गराइएको थियो ।

कार्यक्रममा वडा नं २ का वडा अध्यक्ष मुकुट चौहान , ५ का वडा अध्यक्ष बलिराम प्रसाद चौरसिया , ब्रहमस्थान नेराप्रावि प्रधानाध्यापक उमेश यादव , गाउँपालिका अध्यक्ष

बाँकी तेश्रो पृष्ठमा



# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक
ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)
सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com
मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


# संघीय संसद्का पाँच वर्ष

**खिमलाल देवकोटा**

संसद् जनताको सार्वभौमसत्ताको प्रयोग गर्ने वैधताप्राप्त राज्यको एक मात्र उच्चतम अंग हो । जनताको सार्वभौमसत्ताको प्रयोग उनीहरूबाटै निर्वाचित जनप्रतिनिधिले गर्छन् । संसदीय अभ्यास भएका मुलुकहरूमा संसद्को भूमिका सरकार निर्माण लगायतमा त हुन्छ नै, तर संसद्को मूल जिम्मेवारी कानुन तर्जुमा नै हो ।

जनताका दैनन्दिन विषयमा ध्यानाकर्षण, सरकारका कामकारवाहीको निगरानी, नीति तथा कार्यक्रम र बजेट स्वीकृति, सन्धि–सम्झौताको अनुमोदन लगायतका कार्यहरू संसद्बाटै हुन्छन् । यस आलेखमा संघीय संसद्का विगत पाँच वर्षका केही प्रमुख गतिविधिबारे चर्चा गरिएको छ ।

**संसद्का बैठकहरू**

२०७४ मा प्रतिनिधिसभाको निर्वाचन दुई चरण (मंसिर १० र २१) मा भएको थियो । निर्वाचनपश्चात् संघीय संसद्को पहिलो बैठक फागुन २१ मा बसेको थियो । फागुन ३ मा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली प्रधानमन्त्रीमा नियुक्त भएका थिए । उनले फागुन २७ मा प्रतिनिधिसभाबाट विश्वासको मत लिएका थिए । प्रतिनिधिसभाका कुल २७५ सदस्यमध्ये २०८ जनाले प्रस्तावका पक्षमा मतदान गरेका थिए भने विपक्षमा ६० मत परेको थियो । चैत १५ मा राष्ट्रपतिबाट संघीय संसद्को पहिलो अधिवेशनका दुवै सदनको संयुक्त बैठकलाई सम्बोधन भएको थियो । प्रतिनिधिसभा र राष्ट्रिय सभाका क्रमशः ११ र १० बैठक भए । प्रतिनिधिसभाका ११ बैठकको कुल समय १५ घण्टा ३० मिनेट रह्यो भने राष्ट्रिय सभाको ७ घण्टा २० मिनेट । अधिवेशन आह्वान भएको ३० दिनपछि चैत २० मा अन्त्य भयो । अघिल्लो कार्यकालमा प्रतिनिधिसभाका ११ र राष्ट्रिय सभाका १२ अधिवेशन भए । संविधानमा एउटा अधिवेशन र अर्को अधिवेशनबीचको फरक ६ महिनाभन्दा बढी हुन नहुने उल्लेख छ । प्रतिनिधिसभाको विघटनका कारण संविधानको ६ महिना सम्बन्धी व्यवस्था कार्यान्वयनका लागि पनि राष्ट्रिय सभाको अधिवेशनको आह्वान भएको थियो, जसका कारण प्रतिनिधिसभा र राष्ट्रिय सभाको अधिवेशनको संख्यामा फरक परेको हो (संसद्को पहिलो कार्यकालको अधिवेशन र बैठक लगायतको विवरण तालिका १ मा छ) ।

सरकारको नीति तथा कार्यक्रम र राजस्व र व्ययको अनुमान संसद्का दुवै सदनको संयुक्त बैठकमा प्रस्तुत हुने गर्छ । प्रतिनिधिसभाको पुनःस्थापनापछि विश्वासको मतका लागि एक पटक विशेष अधिवेशनको आह्वान भएको थियो । संयुक्त र विशेष अधिवेशनसहित प्रतिनिधिसभाको पहिलो कार्यकाल अन्तर्गत ३३४ दिनमा ३६४ बैठक भएका थिए । बैठक बसेको दिनका आधारमा सबभन्दा कम बैठक पहिलो, सातौं र आठौं अधिवेशनमा नौ–नौ दिन मात्र बसेका थिए । सबभन्दा धेरै दोस्रो अधिवेशनमा ६९ दिन भएका थिए । बैठक संख्याका आधारमा सबभन्दा कम १० बैठक आठौं अधिवेशनमा बसेका थिए भने सबभन्दा धेरै दोस्रो अधिवेशनमा ६९ वटा । समयका आधारमा सबभन्दा लामो बैठक ११ औं अधिवेशनमा २५१ घण्टा १५ मिनेट भएको थियो । समग्रमा प्रतिनिधिसभाको पहिलो कार्यकालभरि ९०२ घण्टा बैठक बसेको थियो । राष्ट्रिय सभाका सन्दर्भमा, पहिलोदेखि १२ औं अधिवेशनसम्ममा २७० दिनमा ३१३ बैठक बसेका थिए, अर्थात् ४६८ घण्टा ५७ मिनेट ।

प्रतिनिधिसभा र राष्ट्रिय सभाका कुल सदस्य संख्याका आधारमा, प्रतिनिधिसभामा औसत एक सदस्यले ३ घण्टा २८ मिनेट समय लिएका थिए भने राष्ट्रिय सभाकाले ८ घण्टा ८ मिनेट । संसदीय अभ्यासमा संसदीय निगरानी लगायतका लागि संसद्मा सांसदहरूले बोल्ने समयको महत्व ठूलो हुन्छ । सांसदहरूले उठाएका सवालहरूको जवाफ प्रधानमन्त्री र विभागीय मन्त्रीहरूले दिनुपर्छ । तर नेपालको सन्दर्भमा प्रधानमन्त्रीसँग सवालजवाफ गर्ने प्रचलन छैन । संसद् नियमावलीमा उल्लेख भए पनि यो खासै प्रयोगमा आएको छैन ।

**कानुनको तर्जुमा**

संसद्को पहिलो अधिवेशनदेखि नै विधेयक तर्जुमा लगायतमा विशेष ध्यान दिनुपर्ने थियो । विडम्बना, पहिलो अधिवेशनमा एउटा पनि विधेयक दर्ता भएन । प्रतिनिधिसभाको कार्यकालमा पहिलो, दसौं र बाह्रौं अधिवेशनमा विधेयक दर्ता नै भएन । राष्ट्रिय सभामा समेत पहिलो, आठौं र नवौं अधिवेशनमा विधेयक दर्ता भएन । कार्यकालभरि १५३ विधेयक मात्र संसद्मा दर्ता भए (तालिका २) । कुनै पनि शासन व्यवस्था सञ्चालनका लागि कानुन चाहिन्छ । संविधानलाई टेकेर कानुन (ऐन) को तर्जुमा हुन्छ । ऐनको तर्जुमा गर्ने काम सार्वभौम संसद् (व्यवस्थापिका) ले गर्छ । संसद्मा कानुन विधेयकका रूपमा प्रवेश हुन्छ । संसद्को अनुमोदन र राष्ट्रपतिबाट प्रमाणित भएपछि विधेयकले ऐनको स्वरूप ग्रहण गर्छ । संसद्ले सहायक कानुनहरू (नियमावली, विनियमावली, निर्देशिका, कार्यविधि, गठन आदेश, मापदण्ड आदि) तर्जुमा गर्ने अधिकार कार्यपालिका र न्यायपालिकालाई प्रत्यायोजित गरेको हुन्छ । नेपालमा अहिले कति सहायक कानुनहरू छन् भन्ने लेखाजोखा सरकारसँग छैन । तर ऐनचाहिँ, कानुन मन्त्रालयका अनुसार ३४९ वटा छन् ।

संविधानको धारा ३०४ अनुसार, संविधानसँग कुनै कानुन बाझिएमा संघीय संसद्को पहिलो अधिवेशन बसेको मितिले एक वर्षपछि बाझिएको हदसम्म स्वतः अमान्य हुनेछ । तर कतिपय ऐनलाई संविधानको भावना अनुसार सुधार गरिएन । कतिपय कानुनको अन्तर्वस्तुमा छलफल नगरी संविधानअनुकूलका नाममा शीर्षक मात्र मिलाउने काम जबर्जस्ती भयो । जस्तो- संसद्को तेस्रो अधिवेशनमा १११ ऐनमा संशोधन गर्न एउटा विधेयक र ५६ ऐनमा संशोधन गर्न अर्को विधेयक गरी १६७ ऐन संशोधन गर्न केही नेपाल ऐनलाई संशोधन गर्ने विधेयकका नाममा संसद्मा पेस गरेर रातारात स्वीकृत गरिएको थियो । एउटा विधेयकका दफा–दफामा छलफल गर्न मात्र कैयौं दिन लाग्छ । सांसदले सबै विषय बुझ्दैनन्, जान्दैनन् । समितिमा विषयविज्ञ लगायतसँग पनि छलफल गर्नुपर्ने हुन्छ । तर संसदीय समितिमा पनि नलगी एकै चोटि फूल हाउसमा विधेयकहरू पेस गरी जबर्जस्ती पास गराउने काम पटक–पटक भयो ।

संसद्मा दर्ता भएका विधेयकमध्ये १२ वटा सरकारले फिर्ता लिएको थियो । मुलुकका लागि सबभन्दा अत्यावश्यक संघीय निजामती सेवा विधेयकसमेत सरकारले फिर्ता लियो । २०७५ माघ २७ मा प्रतिनिधिसभामा दर्ता भएको यो विधेयक करिब तीन वर्षपछि २०७८ असोज २० मा फिर्ता लिइएको थियो । प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा २०७५ फागुन ६ देखि छलफल सुरु भएको यो विधेयक समितिले २०७७ चैत २३ मा संसद्मा पेस गरेको थियो । करिब सवा दुई वर्षको अवधिमा यस विधेयकका लागि मात्रै समितिले ६१ बैठक गरेको थियो । तर, सरकारले फिर्ता लिइदिनाले समितिको सम्पूर्ण मिहिनेत खेर गयो । यो कानुन नहुँदा मुलुकको कर्मचारी प्रशासन नै लथालिंग छ । यसको असर बडासम्म परेको छ । सरकारले फिर्ता लिएका अन्य विधेयक हुन्- सामाजिक सुरक्षा (पहिलो संशोधन) विधेयक, राष्ट्रिय चिकित्सा शिक्षा विधेयक, औद्योगिक व्यवसाय विधेयक, गुठी विधेयक, रेल्वे विधेयक, यौन हिंसाविरुद्ध केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक आदि ।

बाँकी तेस्रो पृष्ठमा

# गरिब होइन गरिबी हटाऔं

**मधु राई**

भारतमा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले संकटकाल लगाएपछि, वर्षौंदेखि सरकारी जग्गामा बस्दै आएका सुकुम्बासीहरूका घर भत्काउने अभियान चलाइन् । ऊ बेला अधिकांश घर बाँसका चटाई र काठका भित्ता हुन्थे भने छाना जस्तापाताका । प्रहरीले मोटो जुट र प्लास्टिकका डोरी लगाएर घरका खाँबाहरू लडाउँथे ।

घर गर्ल्यामगुर्लुम ढल्थ्यो । भारतीय सेनाबाट बाहिरिएका मेरा बुबाले त्यस बेला साथीहरूसँग मिलेर यस्तै बस्तीबीच काठको दुईकोठे घर बनाएका थिए । तीनताक म कक्षा सातमा पढ्थें । बेलुकी स्कुल छुट्टी भएर घर आउँदाको त्यो बीभत्स दृश्य मेरो मानसपटलमा कहिल्यै नमेटिने गरी बसेको छ ।

तीनताक रेडियोप्रेमी आमाले 'आइमाई पनि धेरै पढेपछि प्रधानमन्त्री हुने रैछ मधु' भन्दै इन्दिरा गान्धीजस्तै हुनुपर्छ भनेर हौस्याउने गरेको अझै सम्झन्छु । राजनीतिमा बाबुको विरासत थाम्दै प्रधानमन्त्री बनेकी इन्दिरा गान्धीले आफ्नो शासनकालमा बालिका शिक्षा तथा दिवाखाजा लगायतका थुप्रै असल काम गरेर छुट्टै पहिचान बनाएकी थिइन् । पछि सुकुम्बासीहरूको घर भत्काउने अभियानले, मेरो कलिलो मनमा रहेको उनको छवि र उनीप्रतिको सद्भाव एकै चोटि मेटायो । त्यसको ठाउँमा 'पद र प्रतिष्ठाले मानिसलाई गरिबको शत्रु बनाउँदो रहेछ' भन्ने भाष्य खडा भयो, भएको छ ।

इन्दिरा गान्धीले चलाएको 'गरिबी हैन गरिब हटाऊ' अभियानले सुकुम्बासीलाई उठीबास लगाए पनि त्यसपछिको सरकारले तिनलाई सोही ठाउँमा स्थायी रूपमा बसोबासको व्यवस्था मिलाएको थियो । तिनका लागि बिजुली, खानेपानी, बाटो लगायत सुविधा पुऱ्यायो । उनीहरूलाई नागरिकसरह वार्षिक घरजग्गा कर लिई रासन कार्ड वितरण गरेर थप सुविधा पुऱ्याउने प्रयास पनि भयो । ती सुविधा उपभोग गर्न पाउनेहरूको अग्रपंक्तिमा मेरा बुवा पनि थिए ।

मैले बाल्यकालमा भोगेको त्रासदी अहिले काठमाडौंका सुकुम्बासीले भोगिरहेका छन् । यस्तै अभियान काठमाडौंका मेयर बालेन शाहले चलाइरहेका छन् । यो अभियानलाई सहरको हुनेखाने वर्गले समर्थन गरेको देखिन्छ । काठमाडौंवासी आफ्नो सभ्य र सुन्दर सहरको परिकल्पना पूरा गर्ने नायकको खोजीमा थिए । त्यसलाई बालेनले साकार पार्न सक्लान् भनेर छनोट गरे । काठमाडौंलाई सुन्दर बनाउन सकिने अनेक उपाय हुँदाहुँदै बालेनले 'सुकुम्बासी बस्तीमा हुकुम्बासी बस्दै आएको' भनी डोजर लगाउन थालेका छन् ।

फुटपाथ लगायत सार्वजनिक ठाउँहरूमा बिहानबेलुकी तरकारी तथा फलफूल बेच्दै आएकाहरूका ठेलागाडा नगर प्रहरीले नियन्त्रणमा लिएका श्रव्य–दृश्य सामग्रीले सामाजिक सञ्जाल भरिएका छन् । त्यस्ता सामग्री हेर्ने जोकोही सोच्न बाध्य हुन्छन्, 'के सहर सुकिलामुकिला तथा हुनेखानेहरूका लागि मात्र हो ?' वास्तवमा कुनै पनि नेपाली राजनीतिकर्मीले जनतालाई गरिबीको दलदलबाट निकाल्ने प्रयास गरेनन् । चुनावताका तिनै गरिबलाई लोभलालच देखाएर मत हत्याउने राजनीतिकर्मी पटकपटक शासनसत्तामा पुगे । दलका यस्ता नेताहरूबाट आजित भएरै काठमाडौंवासीले बालेनलाई मेयर बनाएका हुन् । तर हिजो 'गरिबको चमेली बोल्दिने कोही छैन' भनेर गाउने ऱ्यापर एकाएक मेयर भएपछि सुकुम्बासीलाई विकल्प नदिई तिनको गाँस, बास र कपास खोस्न उद्यत छन् ।

नगरलाई सभ्य र सुन्दर बनाउने नाममा बालेनको डोजरे अभियान अन्यत्रका स्थानीय तह प्रमुखले पनि अनुसरण गर्न थालेका छन् । आफ्नो क्षेत्रमा अनेक समस्या हुँदाहुँदै डोजरे अभियानलाई प्राथमिकता दिने प्रमुखहरूले फोहोरमैला व्यवस्थापन, वातावरण प्रदूषण लगायतका यावत् समस्यालाई नजरअन्दाज गरिरहेका छन् ।

काठमाडौंको वातावरण प्रदूषित हुनुका अनेक कारणमध्ये पहिलो फोहोरमैलाको अवैज्ञानिक र अस्थायी व्यवस्थापन हो भनेर विज्ञहरूले औंल्याउँदै आएको धेरै भयो । तर विज्ञहरूसँग उचित सल्लाह लिई रणनीतिक योजना तर्जुमा गर्ने विषयमा काठमाडौंसहित प्रमुख सहरका स्थानीय सरकार नराम्ररी चुकेका छन् । स्थानीय सरकारहरूको प्राथमिकतामा सामाजिक विकास अन्तर्गतका यस्ता विषय नपर्नु विडम्बनापूर्ण छ । यस्तै कुन काम कहिले र कसरी गर्ने भन्नेमा जनप्रतिनिधि अलमलिएका कारण पनि हुँदा खाने मतदाताको जनजीविकासँग प्रत्यक्ष–अप्रत्यक्ष सरोकार राख्ने सवालमा उनीहरू अनभिज्ञ मात्र होइन असंवेदनशील पनि देखिन्छन् ।

त्यसो त हाम्रा जनप्रतिनिधिहरू मतदाताको जनजीविकाका सवालमा संवेदनशील नहुनुका थुप्रै कारणमध्ये एउटा उनीहरूको पृष्ठभूमि र अनुभव हो । बहुसंख्यक जनप्रतिनिधि हुनेखाने वर्गबाट आएकाले पनि 'गरिब, गरिबी' जस्ता शब्द उनीहरूको भाषणबाजीमा मात्र सीमित देखिन्छ । सुकुम्बासीहरूले गाँस, बास र कपासका लागि घोटिनुपर्ने वास्तविकताबाट ती कोसौं टाढा छन् । गरिब मतदाताको मत चाहिने तर उनीहरूको जनजीविकाको सवालमा मौनता साध्ने जनप्रतिनिधिकै कारण सुकुम्बासीको जीवनस्तर माथि उठ्न

बाँकी तेस्रो पृष्ठमा

# प्रतिपक्षबिनाको संसद्, बलमिच्याइँको डर

**नरेन्द्र साउद**

प्रमुख प्रतिपक्ष हुन कुनै पनि दलका १० प्रतिशत सांसदहरू हुन जरुरी छ यसैले संसद् 'प्रमुख प्रतिपक्ष' बिनाको हुदैछ ।

नेपालीमा एउटा उखान छ- हात्ती लड्दा पनि बारीकै नास, हात्ती प्रेम गरे पनि बारीकै नास।' यो उखान नेपाली राजनीतिमा ठ्याक्कै मेल खान्छ। दलहरू जतिबेला मिल्छन्, विधिविधान कुल्चने गरिन्छ। दलहरू झगडा गर्दा पनि विधिविधान नै मिच्ने गरिन्छ। यसको पछिल्लो संकेतका रूपमा देखा पर्दैछ- प्रतिपक्षबिनाको संसद्। अर्थात्, अब सबै सत्तापक्ष।

जनताले कुनै एक दललाई बहुमत नदिएपछि कोही पनि प्रतिपक्षमा बस्न तयार भएनन्। एक–एक सिटे नेमकिपा र राष्ट्रिय जनमोर्चाले विपक्षीमा बस्ने निर्णय त गरेका छन्। तर कानुनअनुसार उनीहरूले प्रमुख प्रतिपक्षको हैसियत पाउँदैनन्। प्रमुख प्रतिपक्ष हुन प्रतिनिधिसभामा १० प्रतिशत सांसदहरू हुन जरुरी छ। यसैले संसद् 'प्रमुख प्रतिपक्ष' बिनाको हुने निश्चित छ। प्रतिपक्षको मैदान खालि हुने देखिएको छ।

यसैले अब कोही डन्डासहित झन्डा हल्लाउँदै हिँड्लान्। कोही 'भित्रभित्रै' सत्ताको स्वाद लिने होलान्। तर, सबैको एउटै उद्देश्य र लक्ष्य देखियो- सरकारभन्दा बाहिर नबस्ने। यसो हुँदा अब जननिर्वाचित थलोमा जनताका पीर, मर्का, दुःख, वेदनाभन्दा सत्ताका गुणगान र स्तुतिमात्रै गाइने हुन् कि ? जनताका आवाज थुनिने, नसुनिने र नबोलिने हुन् कि ? किनकि संसदीय प्रणालीको मान्यता हो- बहुमतको सरकार, अल्पमतको प्रतिपक्ष। अर्को पनि मान्यता छ- संसद् प्रतिपक्षको।' तर, नवनिर्वाचित संसद् प्रतिपक्षबिनाको हुँदा कतै 'सातो गएको बच्चाजस्तो' संसद् हुने त होइन ?

**२०६३ बाटै सुरु**

तत्कालीन राजाद्वारा २०५८ जेठ ८ गते विघटन गरिएको प्रतिनिधिसभा जनआन्दोलनको बलमा २०६३ वैशाख ११ मा पुनर्स्थापना भयो। प्रतिनिधिसभाले जेठ ४ गते ऐतिहासिक घोषणापत्र जारी गऱ्यो र सात दलको सहमतिअनुसार अघि बढ्ने 'संवैधानिक' व्यवस्था गऱ्यो। २०६३ पुस १ गते (अन्तरिम संविधान) जारी नहुँदासम्म घोषणापत्रकै आधारमा मुलुक चल्यो। पुरानो संविधान निलम्बन गरिएको र नयाँ नबनिसकेको झन्डै ७ महिनाको अवधि मुलुक प्रतिनिधिसभा घोषणापत्रअनुसार चल्यो। त्यतिबेला सात दलको सहमतिअनुसार मात्रै सरकार गठन हुने व्यवस्था गरियो। त्यसयता दलहरू मिल्दा बेलाबेला संविधान, कानुन र ऐन मिचिने गरेका छन्। दलहरू नमिल्दा पनि सबैले संविधान, कानुन कुल्चने प्रवृत्ति छ। यसको उदाहरण हो- तत्कालीन नेकपाका प्रधानमन्त्री केपी ओलीले दुई/दुई पटक संसद् विघटन गर्न गरेको सिफारिस।

संसद् सार्वभौमसत्ताको प्रयोग गर्ने उच्चतम थलो हो। जनताले आफ्ना लागि आफू शासित हुन आफ्ना प्रतिनिधि संसद्मा पठाउँछन्। जनताका आवाज प्रतिनिधिमार्फत व्यक्त हुन्छन् भन्ने मान्यता संसदीय व्यवस्थामा राखिन्छ। आफ्ना लागि कस्तो सरकार बनाउने ? को बाट शासित हुने ? कस्तो ऐन कानुन बनाउने भन्ने कुरा जनताले आफ्ना प्रतिनिधिमार्फत व्यक्त गर्छन्। तर जनताले विश्वास गरेका सबै प्रतिनिधिहरू केवल सत्ता र शक्तिका भोका मात्रै भए भने जनतामा निराशा छाउन सक्छ।

**प्रचण्डको नगदी कारोबार**

माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको एउटै गुनासो हुन्थ्यो- मैले एमालेका नेताहरूलाई लाइन लगाएर प्रधानमन्त्री बनाएँ। तर कसैले पनि मेरो गुन तिरेनन्।' हुन पनि २०६४ मा चुनाव हारेपछि माधव नेपाललाई संविधानसभामा ल्याउन प्रचण्डले नै भूमिका खेलेका थिए। जबकि त्यसबेला संसद्मा सबैभन्दा ठूलो दल माओवादी थियो। चुनाव हारेपछि पार्टी महासचिव त्यागेर बसेका नेपाललाई संविधानसभामा (ल्याउन प्रचण्डले नै भूमिका खेलेका थिए। नेपाल संविधानसभा सांसद बने, प्रचण्डको सरकार ढलेपछि प्रधानमन्त्री बने। नेपालपछि एमाले अध्यक्ष झलनाथ खनाल प्रधानमन्त्री बने। खनालका प्रस्तावक प्रचण्ड नै थिए।

दोस्रो संविधानसभामा माओवादीको साइज निकै घट्यो, तेस्रो स्थानमा झऱ्यो। पहिलो र दोस्रो पार्टी कांग्रेस र एमाले मिलेर सरकार बनाए, संविधान बनाउने सर्तमा। कांग्रेसका तत्कालीन सभापति सुशील कोइराला प्रधानमन्त्री बने। दुई दलबीच सहमति थियो- संविधान जारी गरेपछि एमाले अध्यक्ष केपी ओलीलाई प्रधानमन्त्री बनाउने।' माओवादीसमेतको समर्थनमा २०७२ मा संविधान त जारी भयो, तर कांग्रेस नेतृत्व एमाले अध्यक्ष केपी ओलीलाई प्रधानमन्त्री बनाउन तयार भएन। नयाँ संविधानअनुसार त्यसबेला नयाँ प्रधानमन्त्री चयन गर्नुपर्ने थियो। एमाले अध्यक्ष ओलीलाई प्रधानमन्त्री बनाउन तयार भए, माओवादी अध्यक्ष प्रचण्ड। संसदीय प्रणालीको मान्यता हो- बहुमतको सरकार, अल्पमतको प्रतिपक्ष। तर, सबै दल सत्तापक्ष भएकाले संसदमा जनताका आवाज थुनिने, नसुनिने र नबोलिने हुन् कि ?

प्रचण्डको प्रस्तावमा ओली प्रधानमन्त्री बने। तर प्रचण्डसँगको सहमतिअनुसार सत्ता छोड्न ओली तयार भएनन्। कांग्रेसको समर्थनमा प्रचण्ड प्रधानमन्त्री बने। प्रचण्डले छोडेपछि कांग्रेस सभापति देउवा प्रधानमन्त्री बने। देउवाका प्रस्तावक पनि ओली नै थिए। देउवा नेतृत्वको सरकारलाई समर्थन गरेकै अवस्थामा प्रचण्डले एमालेसँग २०७४ को आम निर्वाचनमा वाम गठबन्धन गरे। एमाले र माओवादी मिलेर बनेको वाम गठबन्धनलाई झन्डै दुई तिहाइ बहुमत आयो। प्रधानमन्त्रीमा अघि सरे, ओली। ओलीका प्रस्तावक बसे, फेरि पनि प्रचण्ड। लगत्तै पार्टी

बाँकी तेस्रो पृष्ठमा

## प्रतिपक्षबिनाको...

एकता भयो। ओली र प्रचण्डबीच आलोपालो प्रधानमन्त्री बन्ने सहमति थियो।

पार्टी एकतामा दुई अध्यक्षको व्यवस्था गरियो। तर तत्कालीन नेकपामा विवाद चर्क्यो। प्रचण्ड र नेपाल एकातिर, ओली अर्को पक्षमा उभिए। पार्टीभित्र विवाद उत्कर्षमा पुगेकै बेला सहमतिको प्रयास गरियो। प्रचण्डलाई पार्टी सञ्चालनको जिम्मा र ओलीले पाँचै वर्ष सरकारको नेतृत्व गर्ने सहमति बन्यो। उक्त सहमतिपछि ओलीको प्रस्तावमा प्रधानमन्त्री बन्ने प्रचण्डको सपना पूरा भएन।

ओलीले पाँच वर्ष एकलौटी सरकारको नेतृत्व गर्ने सहमतिले पनि नेकपाभित्रको विवाद साम्य हुन सकेन। ओलीले प्रचण्डलाई एकलौटी रूपमा पार्टी नेतृत्व दिन नसक्ने अडान राखे। विवादकै बीच ओलीलाई पार्टीबाट हटाउनेसम्मका पहल भए। विवाद चरम उत्कर्षमै पुगेका बेला ओलीले संसद् विघटन गरे। त्यहीबेला सर्वोच्चले एमाले र माओवादी केन्द्रबीचको एकता भंग गरिदियो। एमाले र माओवादी आआफ्नो बाटो लागेपछि प्रचण्ड देउवातिर लागे। देउवालाई प्रधानमन्त्री नियुक्तिको माग गर्दै प्रचण्डहरू सर्वोच्च पुगे।

सर्वोच्चको आदेशले देउवा प्रधानमन्त्रीमा नियुक्तिको परमादेश जारी भयो। २०७९ को चुनावपछि देउवाले प्रचण्डलाई प्रधानमन्त्री बनाउने 'सहमति' पालना गरेनन्। जसले पनि सहमति कार्यान्वयन नगर्ने र जसबाट पनि 'धोखा' मात्रै खाएपछि प्रचण्डले यसपटक कांग्रेससँग सर्त राखे- नगदमा प्रधानमन्त्री। किनकि प्रचण्डलाई 'उधारो कारोबार' कहिल्यै फापेन। यहीबेला नगदमा प्रधानमन्त्री बनाउन तयार भए, एमाले अध्यक्ष केपी ओली। त्यसैकारण प्रचण्डले चुनावमा भएको गठबन्धन त्यागेर एमालेसँगको सहकार्यको हात अघि बढाए। राष्ट्रपतिबाट प्रधानमन्त्रीमा नियुक्त भए। एमालेसँगको सहकार्यले 'सबै गुम्ने' स्थितिमा पुगेपछि कांग्रेसले पनि प्रचण्डलाई समर्थन जनायो। प्रतिपक्षीविहीन संसद् र संसद्को झन्डै ९८ प्रतिशत विश्वाससहित प्रधानमन्त्री बन्ने सुनौलो अवसर पाए, प्रचण्डले।

प्रचण्डलाई अन्तिम मौका

प्रतिपक्षबिनाको संसद्, प्रचण्डका लागि अवसर र चुनौती दुवै हो। सिंगो संसद्को विश्वास पाएकाले जनताका पक्षमा काम गर्न सरकारलाई कुनै अप्ठ्यारो हुँदैन। किनकि, झिनामसिना वा प्राविधिक कमजोरीलाई देखाएर 'विपक्षीको धर्म निर्वाह गर्न' सायदै कुनै सांसद वा दल तयार होलान्। तर सँगसँगै चुनौतीका चाङ पनि छन्।

सबै दलले विश्वासको मत दिएका कारण प्रचण्डलाई राष्ट्रपति/सभामुखलगायतका अन्य राजकीय पद बाँडफाँटमा समस्या आउने निश्चित छ। किनकि कांग्रेस र एकीकृत समाजवादीले प्रचण्डलाई विश्वासको मत दिनुको राजनीतिक अर्थ छ। उनीहरूले प्रचण्डको दया र मायाभन्दा पनि 'एमालेको बार्गेनिङ पावर' कमजोर बनाउने उद्देश्यले प्रचण्डलाई समर्थन दिएका हुन्। यसकारण, एमालेसँग मात्रै गरिएको शक्ति बाँडफाँटको सहमति कार्यान्वयनमा प्रचण्डलाई अप्ठ्यारो आउन सक्छ। राष्ट्रपति र सभामुखमा कुरा नमिले समर्थन फिर्ता लिन्छु भनेर कांग्रेस र एमाले दुवैको 'धम्की' को सामना प्रचण्डले गर्नु पर्ने हुन सक्छ। यो चुनौतीलाई समन्वयकारी भूमिकामार्फत पार लगाउन सके मात्रै प्रचण्डलाई सहज होला।**साभार अन्नपूर्णपोष्ट्**

## गरिब....

सकेको छैन ।

स्थानीय सरकार सञ्चालन ऐन-२०७४ अनुसार सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन मात्रै होइन, तिनको जीविकोपार्जन र बसोबास व्यवस्थापन पनि पालिकाकै जिम्मेवारीभित्र पर्छ । यिनै जिम्मेवारी पूरा गर्दै असली सुकुम्बासी पहिचान गरी उचित बसोबासको व्यवस्थापन गर्नुपर्ने काठमाडौं अहिले जसरी पनि गरिब नहटाई विकास सम्भव छैन भन्दै लागिपरेको छ ।

विकसित मुलुकहरूमा समेत सुकुम्बासी मुख्य समस्या रहँदै आएको छ । भारतसहित कतिपय मुलुकले सुकुम्बासी समस्यालाई स्थायी रूपमा समाधान गर्न रणनीतिक योजना बनाउने गरेका छन् भने विकल्प नदिई सुकुम्बासीहरूलाई उठीबास लगाउनु मानवताविरोधी कार्य भएको विज्ञहरूले औंल्याउने गरेका छन् । हामीकहाँ भने हुनेखाने वर्गसमेत रमितेको भूमिकामा मात्र रहने गरेकाले सुकुम्बासी समस्या झनै चुनौतीपूर्ण बन्दै गएको छ । सरकारको साथ-सहयोगले सुकुम्बासीले सुरक्षित बास पाउन सके तिनको जीवनस्तर सुध्रने निश्चित छ । यसका लागि गरिब होइन गरिबी हटाउने दृढ इच्छाशक्ति भएको जनप्रतिनिधि चाहिन्छ ।सभार इकान्तिपुर

## शिक्षा.......

नेपाल नागरिकता ऐन-२०६३ ( पहिलो संशोधन) विधेयक-२०७५ ओली सरकारका पालामा २०७५ साउन २२ मा संसद्मा दर्ता भएको थियो । यो विधेयकमाथि पनि प्रतिनिधिसभाको राज्य व्यवस्था तथा सुशासन समितिमा लामो छलफल भएको थियो । संसद् बैठक नभएको समयमा ओली सरकारले समितिबाट अनुमोदित विधेयकलाई बेवास्ता गरेर नागरिकता सम्बन्धी अध्यादेश ल्यायो । देउवा सरकारले यसलाई फिर्ता गरी अध्यादेशमा भएका विषयवस्तुकै सारमा पुनः विधेयक संसद्मा दर्ता गऱ्यो । विधेयक दुवै सदनको अनुमोदनपछि राष्ट्रपतिमा प्रमाणीकरणका लागि पुग्यो । राष्ट्रपतिबाट प्रमाणित नभई पुनः संसद्मा फिर्ता भयो । संसद्ले दोस्रो पटक यस विधेयकलाई अनुमोदन गरेर पुनः प्रमाणीकरणका लागि पठाइए पनि अहिलेसम्म फिर्ता भएको छैन । संसद्ले पुनः पठाएको विधेयक संविधानतः राष्ट्रपतिले १५ दिनभित्र प्रमाणित गर्नुपर्छ । तर १५ हप्ताभन्दा बढी भइसक्यो, विधेयकको अत्तोपत्तो छैन ।

निष्क्रिय र विचाराधीन विधेयक

राष्ट्रिय सभामा उत्पत्ति भई राष्ट्रिय सभाले स्वीकृत गरेर प्रतिनिधिसभामा पठाएका पाँच ( नेपाल मिडिया काउन्सिल, नेपाल विशेष सेवा प्राधिकरण, नीति अनुसन्धान प्रतिष्ठान, नेपाल नागरिक उड्डयन प्राधिकरण र नेपाल हवाई सेवा प्राधिकरण) विधेयक प्रतिनिधिसभाको कार्यकाल सकिएसँगै निष्क्रिय भएका छन् । प्रतिनिधिसभाले स्वीकृत गरेर पठाएको केही नेपाल ऐनलाई संशोधन गर्न बनेको विधेयक-२०७९ राष्ट्रिय सभामा छलफलकै क्रममा प्रतिनिधिसभाको कार्यकाल समाप्तिसँगै निष्क्रिय भएको छ । योसहित प्रतिनिधिसभामा दर्ता भएका अन्य २१ विधेयकसमेत निष्क्रिय भएका छन् । त्यस्ता विधेयकमध्ये कतिपय त २०७५-७६ मै दर्ता भएका पनि छन् । तीमध्ये केही हुन्- शान्ति-सुरक्षा कायम, सूचना प्रविधि, राष्ट्रिय प्राथमिकताप्राप्त आयोजनाको द्रुततर निर्माण तथा विकास र राष्ट्रिय सुरक्षा परिषद् सम्बन्धी विधेयक । २०७६ मा राष्ट्रिय मानव अधिकार आयोग, बैंक तथा वित्तीय संस्था, नेपाल राष्ट्र बैंक, धितोपत्र, सैनिक सम्बन्धी विधेयकहरू दर्ता भएका थिए । २०७५ देखि दर्ता भएका विधेयकहरू छलफलमा लगेर पास नगराउनु सरकारको लापरबाहीको पराकाष्ठा त हुँदै हो, संसद्को पनि कमजोरी हो ।

संसद्को गेटमा छिरेपछि आफ्नो विशेषाधिकार प्रयोग गर्ने दायित्व सांसदहरूको पनि हो । २०७५ देखि नै संसद्मा दर्ता भएर निष्क्रिय भएका विधेयकहरूलाई पुनः विधिमार्फत संसद्मा प्रवेश गराउनुपर्ने बाध्यता अहिलेको सरकारलाई त छँदै छ, नयाँ बन्नुपर्ने कानुनहरूको सूची पनि लामो छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग, भ्रष्टाचार निवारण, अध्यागमन, अनुगमन तथा मूल्यांकन, प्रतिलिपि अधिकार, खाद्य स्वच्छता तथा गुणस्तर, सार्वजनिक सेवा प्रसारण लगायतका १२ विधेयक राष्ट्रिय सभामा अद्यापि विचाराधीन छन् । राष्ट्रिय सभा स्थायी सदन भएका कारण यी विधेयकले स्वतः अर्को अधिवेशनमा प्रवेश पाउँछन् । तर नयाँ जनादेशसहित आएको सरकारले पुराना विधेयकहरूको स्वामित्व नलिन पाउँछ ।

प्रतिनिधिसभाका सांसदहरू जनताबाट प्रत्यक्ष निर्वाचित भएर आउँछन् । उनीहरूको ध्यान विधेयक तर्जुमाभन्दा पनि जनताका गुनासाहरू लिएर विभिन्न मन्त्रालय र निकाय धाउनुमै बढी हुन्छ ।

मन्त्री लगायतका पदको लालसाका कारण शक्तिकेन्द्र धाउने र बेलाबेला निर्वाचन क्षेत्र गइरहनुपर्ने बाध्यताले पनि कानुन तर्जुमामा उनीहरूको ध्यान जान सकेको छैन । पहिलो कार्यकालको अनुभवले यही बताउँछ । यस्तो स्थितिमा, कानुन तर्जुमाको सवालमा राष्ट्रिय सभालाई बढी जिम्मेवार बनाउन जरुरी छ ।

संसदीय समिति

सरकारलाई संसद्प्रति जवाफदेह बनाउन उसका कामकारबाहीको अनुगमन र मूल्यांकन गरी आवश्यक निर्देशन दिन संसदीय समितिहरू हुन्छन् । प्रतिनिधिसभामा १० र राष्ट्रिय सभामा ४ समिति छन् । दुवै सदनको संयुक्त समितिका रूपमा संसदीय सुनुवाइ समिति एवं राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समिति छन् ।

पाँच वर्षको कार्यकालमा यी १६ समितिका २,३८२ बैठक बसे । सबभन्दा धेरै राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिका ४७५ बैठक बसे भने सबभन्दा कम राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन अनुगमन तथा मूल्यांकन समितिका ५३ वटा । राष्ट्रिय सभामा सबै विधेयक विधायन समितिमा जान्छन् । प्रतिनिधिसभामा लेखा समितिबाहेकका सबै समितिमा विधेयकहरूबारे छलफल हुन्छ ।

प्रतिनिधिसभाका कतिपय समितिमा त विधेयकहरू छलफलमा नलगी सुरुदेखि नै थन्काइएका छन् । जस्तो- बैंक तथा वित्तीय संस्था, धितोपत्र, नेपाल राष्ट्र बैंकसँग सम्बन्धित विधेयकहरू अर्थ समितिमा २०७६ देखि नै विचाराधीन छन् ।

संसदीय समितिहरू जति क्रियाशील हुनुपर्ने हो त्यति नभएको अवस्था त छँदै छ, समितिका सिफारिस तथा निर्देशनहरूसमेत कार्यान्वयन भएका छैनन् । जस्तो- संसद् सचिवालयले संघीय संसद्का विभिन्न समितिको निर्देशन कार्यान्वयनको प्रभावकारिता सम्बन्धमा गरेको अध्ययन प्रतिवेदन-२०७८ अनुसार, समितिका १५ देखि २५ प्रतिशतसम्म निर्देशनहरू मात्र कार्यान्वयन हुने गरेका छन् ।

संसदीय निगरानीका औजार र प्रत्यायोजित विधायनहरू

सरकारलाई संसद्प्रति उत्तरदायी बनाउन विभिन्न संसदीय औजारहरूको प्रयोग गर्ने गरिन्छ; जस्तो- शून्य समय, विशेष समय, प्रश्नोत्तर, ध्यानाकर्षण, जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव, संकल्प प्रस्ताव, स्थगन, निर्देशन र अनुगमन, स्थलगत निरीक्षण आदि । तर यी औजारहरूको प्रभावकारी प्रयोग हुन सकेको छैन ।

शून्य समय र विशेष समय प्रचलनमा रहे पनि सांसदहरूले उठाएका सवालमा सरकारले खासै ध्यान दिने गरेको छैन । पहिलो कार्यकालमा सार्वजनिक महत्त्वको प्रस्ताव, संकल्प प्रस्ताव, ध्यानाकर्षण प्रस्ताव र स्थगन प्रस्ताव दुवै सदनमा १०७ वटा दर्ता भएकामा २६ वटाबारे मात्र छलफल भएको थियो ।

तीमध्ये पछिल्लो पटक राष्ट्रिय सभामा दर्ता भएको संघीयता कार्यान्वयन सम्बन्धी संकल्प प्रस्ताव चर्चामा रह्यो । यही प्रस्तावका आधारमा गठित संसदीय विशेष समितिले केन्द्रमा १५ मन्त्रालय र प्रदेशमा प्रदेशसभाको १० प्रतिशत (५ जनामा नघट्ने गरी) मात्र मन्त्री बनाइनुपर्ने लगायतका सिफारिसहरू गरेको थियो ।

विधायिकीबाट ऐन अन्तर्गत कानुन बनाउने अधिकार प्रत्यायोजन भई बन्ने नियमावली, विनियमावली, गठन आदेश, कार्यविधि, निर्देशिका, मापदण्ड, दिग्दर्शन आदि प्रत्यायोजित विधायन हुन् । नेपालमा कानुन (ऐन र प्रत्यायोजित विधायन) हरू संसद्बाट २० प्रतिशत र सरकारबाट ८० प्रतिशत बन्ने गरेको अनुमान संसदीय समितिहरूको छ । सरकारले कानुन संसद्ले प्रत्यायोजित गरेको अधिकारभित्र रहेर बनाउनुपर्छ । प्रत्यायोजित विधायनहरू कति बनेका छन्, आधिकारिक विवरण सरकारी निकायहरूसँग छैन । प्रत्यायोजित कानुनहरू प्रकाशन गर्ने प्रचलन नभएकाले ती नागरिकको पहुँचबाहिरै छन् ।

यसले भ्रष्टाचारलाई पनि बढावा दिएको छ । यस्ता कानुनहरू प्रकाशित हुनुपर्छ र संसद्ले समेत अनुगमन, नियमन र नियन्त्रण गर्नुपर्छ । प्रत्यायोजित विधायन अन्तर्गत बनेका कानुनहरूको विधायिकी परीक्षणको पाटो एकदम कमजोर छ । प्रत्यायोजित कानुनले मूल ऐनको सीमा नाघ्ने र कानुन निर्माणमा प्रत्यायोजित विधायनहरू बढी राख्ने प्रवृत्तिसमेत छ । यस पक्षमा सुधार जरुरी छ ।

विधेयकहरू कार्यपालिकाले ल्याउने हुँदा यिनमा सांसदहरूका सुझाव खासै समावेश गरिँदैनन् । विधेयकको मस्यौदादेखि नै सांसदहरूको सुझाव लिने प्रचलन छैन । संसद्मा बहुमत हुनेले सरकार बनाउने र विधेयकहरू सरकारले नै ल्याउने हुँदा सत्तापक्षका सांसदहरूले त्यसमा खासै टिप्पणी गर्ने चलन पहिलो कार्यकालमा देखिएन । गैरसरकारी विधेयकहरू प्रस्तुत गर्ने खासै प्रचलन देखिएन ।

सामान्यतया कानुनको जननी नीति हो, तथापि कहिले कानुनले नीतिको माग गर्ने त कहिले नीतिले कानुनको माग गर्ने स्थिति रहन्छ । दोहोरोपना, अस्पष्टता, भ्रम सृजना हुने र एकआपसमा बाझिने कानुनहरू बन्ने प्रवृत्तिसमेत छ । संघीय संसद्ले बनाएका कतिपय कानुनले प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र मिचेका गुनासाहरू छन् ।

कतिपय कानुन केन्द्रीकृत सोच र मानसिकतामा बनेका पनि छन् । कतिपय कानुन तर्जुमामा बाह्य हस्तक्षेप हुने र स्वार्थ समूहहरू सलबलाउने गरेका छन् ।

अन्तमा, तत्कालीन सत्तारूढ नेकपाको आन्तरिक कलह लगायतका कारण दुई-दुई पटक प्रतिनिधिसभाको विघटन, अध्यादेशको ओइरो (जस्तो- संवैधानिक आयोगका पदाधिकारीहरूको नियुक्ति, दल विभाजन आदि), १८७ दिनसम्म प्रतिनिधिसभामा अवरोध, कोभिड-१९ महामारी जस्ता घटनाक्रमका कारण पनि अपेक्षित रूपमा संसद्को पहिलो कार्यकाल सुखद रहेन । संसद्मा प्रमुख प्रतिपक्षी दल कमजोर भएका कारण सुरुदेखि नै कार्यपालिका हावी भयो । यसले राज्यको शक्तिसन्तुलन र नियन्त्रणमा पनि खलल उत्पन्न गऱ्यो । पहिलो कार्यकालमा भएका कमीकमजोरीबाट पाठ सिक्दै मुलुकको सुन्दर भविष्यको रेखा कोर्ने काममा संसद्सहित सम्बद्ध निकायहरू गम्भीर हुन जरुरी छ ।सभार इकान्तिपुर

## मधेशमा......

मधेश प्रदेश सभामा माओवादी केन्द्रका ९ सांसद छन् । भरत साह यसअघि पनि माओवादी केन्द्र संसदीय दलको नेता थिए ।

## राष्ट्र......

जानकारी दिनुभयो ।

राष्ट्र सेविका नेपालकी राष्ट्रिय सञ्चालिका शुभद्रा पौडेलको सभापतित्वमा सम्पन्न समापन समारोहमा विश्व हिन्दु महासंघका महासचिव प्रह्लाद रेग्मी, उद्योगी अशोक वैद्य लगायतको सहभागिता रहेको थियो ।

कार्यक्रमको सहजिकरण रेखा वर्णवालले गर्नु भएको थियो ।

## बाल......

**सुरेश मेहताका प्रतिनिधि सुनिल प्रसाद चौहान , प्रशिकक्षक माधुरी महत्तो , निशिका कुशवाहा , विन्दुभुषण साह , संदिप कुमार तिवारी , ज्योती दैनिकका कार्यकारी सम्पादक कृष्णा कुशवाहा लगायत स्थानिय नेता तथा कार्यकर्ता , सामाजिक अगुवाहरुको सहभागिता रहेको थियो ।**

## पटेर्वासुगौली....

समबन्धमा र कर्मचारी दरबन्दी स्वीकृत गर्ने ४ बुन्दा मा विशेष छलफल गरि पारित गरिएको हो।

## गम्हरियामा....

भोलेनाथको धार्मिक बिधी अनुसार बिभिन्न भक्तजनहरुले पुजापाठ गरेका थिए ।

गम्हरियामा भएको कवरिया बाबाहरुको बिटोर कार्यक्रममा पूर्व प्रदेशसभा सदस्य राजेश्वर साह ,तेली कल्याण समाजका बिश्वनाथ साह,रेडियो बीरगंज तथा टि.भी बीरगंजका कार्यकारी अध्यक्ष ध्रुप साह, संचारकर्मी बिरेन्द्र साह,मोहीचन साह,वडाध्यक्ष प्रमोद साह लगायत भक्तजनहरुले सहभागिता जनाएका थिए।

## सामाजिक....

कुराहरुको बारेमा प्रकाश पार्नुभएको थियो ।

सामाजिक सुरक्षा कोष ऐनले औषधि उपचार तथा स्वास्थ्य सुरक्षा योजना, मातृत्व सुरक्षा योजना, दुर्घटना सुरक्षा योजना, अशक्तता सुरक्षा योजना, वृद्ध अवस्था सुरक्षा योजनालाई प्राथमिकता दिएको छ ।

यस्तै आश्रित परिवार सुरक्षा योजना, बेरोजगार सहायता योजनाका अतिरिक्त कोषले तोकेका अन्य सामाजिक सुरक्षा योजना सञ्चालन गर्नेछ भनी कोषले सञ्चालन गर्न सक्ने सामाजिक सुरक्षा योजनाहरूको दायरा किटान गरिएको रेग्मीले बताउनु भयो ।नेपाल पत्रकार महासंघ बारा तथा पर्सामा आबद्ध पत्रकारहरुको सहभागिता रहेको अन्तरक्रिया कार्यक्रममा कोषका सहायक निर्देशक केशवराज गौतमले स्वागत मन्तव्य राख्नुभएको थियो भने कोषका प्रशासकीय अधिकृत दीपक सेढाइले कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।

## माघमा..

निर्देशनअनुसार बैंकहरूले आधार दरमा भएको परिवर्तन हेरी हरेक तीन/तीन महिनामा बैंकहरूले कर्जाको ब्याजदर पनि परिमार्जन गर्नुपर्छ ।यसरी हेर्दा माघदेखि निक्षेपको ब्याजदर घट्दा त्यसको असरले वैशाखमा ऋणको ब्याजदर घट्छ । तर माघमा निक्षेपको ब्याजदर घटेपछि राष्ट्र बैंकको निर्देशनअनुसार कर्जा-निक्षेपबीचको ब्याजअन्तर (स्प्रेड) कायम गर्न बैंकहरूले केही प्रिमियम घटाउनुपर्नेछ । यसो गर्दा माघदेखि नै केही कर्जाको पनि ब्याजदर घट्ने बैंकरहरूको भनाइ छ ।बजारमा सकारात्मक सन्देश दिन पनि ब्याजदर घटाउने निर्णय भएको बैंकर्स संघका नवनिर्वाचित अध्यक्ष सुनील केसीले बताए । तरलता अवस्थामा सुधार आएको र समग्र ब्याजदर धेरै माथि जान नदिन पनि निक्षेपको ब्याजदर घटाउने निर्णय भएको उनको भनाइ छ । 'संघको बैठकले ब्याजदर घटाउने निर्णय गरे पनि सदस्य बैंकहरूसँग सहमति लिन बाँकी छ,' उनले भने, 'संघको निर्णय सबै बैंकले मान्छन् भन्ने विश्वास छ ।'

पुसमा बैंकहरूले एकवर्षे व्यक्तिगत मुद्दती निक्षेपमा अधिकतम १२.१३३, संस्थागत मुद्दती निक्षेपमा १०.१३३ र साधारण बचतमा ७.१३३ प्रतिशत ब्याज दिइरहेका छन् । वित्तीय प्रणालीमा तरलताको अवस्थामा सुधार भएको, समग्र ब्याजदर धेरै माथि पुगेको, बैंकहरूको लागत कम गर्नुपरेकोलगायत कारण ब्याजदर घटाउने निर्णय भएको बैंकर्स संघले जनाएको छ । ६ महिनापछि गत असोजमा बैंकहरूले औसत १० प्रतिशतका दरले निक्षेपको ब्याजदर बढाएका थिए । कात्तिकमा असोजकै ब्याजदर प्रकाशन गरेका बैंकहरूले मंसिर र पुसमा पनि सोही क्रमलाई निरन्तरता दिएका हुन् । वाणिज्य बैंकहरूले पुसका लागि निक्षेपको ब्याजदर घटाएपछि विकास बैंकले पनि घटाउने निर्णय गरेका छन् । डेभलपमेन्ट बैंकर्स एसोसिएसनको बैठकले बिहीबार माघका लागि निक्षेपको ब्याजदर ०.८५ प्रतिशत बिन्दुले घटाउने निर्णय गरेको हो । अब विकास बैंकहरूले माघका लागि एकवर्षे व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर १२ प्रतिशत कायम गर्नेछन् । यसअनुसार एकवर्षे संस्थागत मुद्दती निक्षेपको ब्याजदर १० र साधारण बचतको ब्याजदर ७ प्रतिशत कायम हुने डेभलपमेन्ट बैंकर्स एसोसिएसनका अध्यक्ष प्रद्युमन पोखरेलले बताए ।

ब्याजदर घटाउने निर्णयका लागि फाइनान्स कम्पनीहरूले शुक्रबार बैठक बोलाएका छन् । वाणिज्य बैंक र विकास बैंकले निक्षेपको ब्याजदर घटाइसकेकाले फाइनान्स कम्पनीहरूले पनि घटाउने सम्भावना बढेको जानकारहरू बताउँछन् । 'ब्याजदर घटाइन्छ तर कति भन्ने टुंगो लागेको छैन,' स्रोतले भन्यो, 'विकास बैंकहरूले अलि धेरै ब्याज घटाउनुपर्थ्यो । थोरै घटाउने निर्णय गरेकाले फाइनान्स कम्पनीहरूलाई अप्ठ्यारो पऱ्यो ।' अर्थतन्त्रमा लगानीयोग्य पुँजीको अभाव, निष्क्रिय कर्जामा भइरहेको तीव्र वृद्धि, उच्च ब्याजदरलगायत कारणले निजी क्षेत्रको मनोबल खस्किएका बेला निक्षेपको ब्याजदर घटाउने नेपाल बैंकर्स एसोसिएसनको सहमति सकारात्मक भएको नेपाल उद्योग परिसंघले जनाएको छ । 'मागमा आएको संकुचन, उच्च ब्याजदरका कारण लगानी महँगो हुँदा नयाँ लगानीका योजना स्थगन भइरहेका छन् । यसले अर्थतन्त्रलाई नै संकुचित बनाइरहेको छ,' परिसंघले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'निजी क्षेत्रको खस्किएको मनोबल उकास्न, अर्थतन्त्रलाई गति प्रदान गर्न ब्याजदर घटाउनुपर्नेमा परिसंघले जोड दिँदै आएको छ ।' **साभार इकान्तिपुर**

